# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## हार्दिक आभार

आदरणीय सुनिलस्मृति गाउँपालिकाबासि आमा बुवा, दाजुभाई तथा दिदीबहिनीहरु संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधान जारी भई सम्पूर्ण जनताको भावनालाई आत्मसाथ गर्ने उद्देश्यका साथ संघ, प्रदेश र स्थानीय तह गरि तीन तहको राज्य संरचनालाई मूर्त रुप दिनका लागि वि.सं. २०७४ सालमा भएको स्थानीय तहको निर्वाचनमा यस गाउँपालिकाको अध्यक्ष पदमा हजुरहरुको अमुल्य मतबाट मलाई विजयी गराई सेवा गर्ने महत्वपूर्ण अवसर दिनुभयो । सो अवसर दिने सम्पूर्ण मेरा पुजनीय बुवा आमा, दाजुभाई, दिदीबहिनी ईष्टमित्र प्रति म हार्दिक आभार तथा सम्मान प्रकट गर्दछु ।

यस अवधिमा हामिले जनअपेक्षf बमोजिम समग्र सुनिलस्मृतिको विकास निर्माण अन्तर्गत सडक, भवन, सिँचाई, खानेपानी, कृषि, पशु, उद्योग, स्वास्थ्य, शिक्षा, खेलकुद, रोजगार, पर्यटन, उद्धम विकास, विद्युत लगाएतका सन्तुलित विकासको लागि एकाग्र चित्त भई कार्य गर्‍यौं । उक्त कार्यहरुको यहाँहरुले उचित मुल्यांकन गर्नुहुनेछ भन्ने अपेक्षा राख्दछु । सेवा गर्ने सिलसिलामा विभिन्न बाधा अडचनहरु आई पर्दा हामिले त्यस्ता समस्याहरुलाई कानुनी तथा व्यवहारीक तवरबाट निराकरण गरेको कुरा अवगत गराउन चाहन्छु । जनमतको भावनालाई आत्मसाथ गर्दै हामिले कार्य गरेका तथा जनमतको उपेक्षा कहिल्यै पनि नगरेको कुरा व्यक्त गर्न चाहान्छु ।

मेरो कार्यकालमा काम गर्ने क्रममा यस गाउँपालिका बासि नागरिकहरुको भावनामा असर पुग्नेगरी कुनैपनी कमी कमजोरी भएको भए यहाँहरु प्रति क्षमाप्रार्थी छु । आगामि दिनहरुमा हजुरहरुको दु:ख सुखमा, समृद्ध सुनिलस्मृति र सुखि सुनिलस्मृति बासी बनाउने अभियानमा मेरो सदैव साथ र सहयोग रही रहने छ भन्ने विश्वास दिलाउन चाहान्छु ।

भर्खर सम्पन्न भएको स्थानीय तह सदस्य निर्वाचनमा विजयी हुनुहुने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, लगाएत सम्पूर्ण जनप्रतिनिधिज्यूहरु प्रति हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना दिन चाहान्छु । यस निर्वाचनमा सफलता प्राप्त गर्न असमर्थ सम्पूर्ण उपविजेता उमेदवारज्यूहरु प्रति सहानुभूति प्रकट गर्दै राजनैतिक तथा सामाजिक जीवन पूर्ण सफल होस भन्ने शुभकामना व्यक्त गर्न चाहान्छु । साथै नव निर्वाचित गाउँपालिका अध्यक्षज्यूलाई आजैको मितिबाट पदभार हस्तान्तरण गर्दै उहाँको सफल कार्यकालको शुभकाना व्यक्त गर्दछु ।

अन्त्यमा यस पाँच वर्षिय कार्यकालमा मलाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्ने सम्पूर्ण सुनिलस्मृति गाउँपालिकाबासी, सम्पूर्ण जनप्रतिनिधिहरु, विभिन्न राजनैतिक दलका प्रतिनिधिहरु, संघीय सरकार, लुम्विनि, प्रदेश सरकार, जिल्ला समन्वय समिति रोल्पा, राष्ट्रसेवक कर्मचारीहरु साथै विभिन्न राष्ट्रिय, अन्तराष्ट्रय तथा स्थानीय स्तरका संघ संस्था, नागरिक समाज पत्रकारहरु र सुरक्षा निकायलाई अमुल्य साथ सहयोगका लागि पुन:हार्दिक आभारसहित धन्यवाद प्रकट गर्दछु ।

०६ जेठ, २०७९

गुणेन्द्र घर्ती
अध्यक्ष